२०८१।०४।३२

विगो नं. ९७

श्री
रुकुम जिल्ला अदालत
मुसिकोट

## रुकुम जिल्ला अदालतवाट जारी भएको लिलाम बढाबढको सूचना।।।

वादी रुकुम पश्चिम जिल्ला चौरजहारी नगरपालिका वडा नं. १० बस्ने दिपक वि.एम. र प्रतिवादी रुकुम पश्चिम जिल्ला चौरजहारी नगरपालिका वडा नं. १ बस्ने दौलत बहादुर विष्ट भएको लेनदेनको बिगो भराई पाउँ मुद्दामा रुकुम जिल्ला अदालतको मिति २०७९।०३।२१ गतेको फैसला बमोजिम वादीले प्रतिवादीवाट लेनदेनको बिगो साँवा रु. ३,१६,८३०।–(तीन लाख सोह्र हजार आठ सय तीस ) रुपैया हाल सम्मको ब्याज रु.१,३०,५१५।-( एक लाख तीस हजार पाँच सय पन्ध्र) रुपैया र अदालती शुल्क रु.७,८३७।– (सात हजार आठ सय सैतिस ) रुपैया समेत गरी रु. ४,५५,१८२।– (चार लाख पचपन्न हजार एक सय बयासी) रुपैयाँ प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम यस अदालतमा दाखिला गर्न समेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादीवाट भरी पाउने लेनदेनको बिगो तपसिल बमोजिमको सम्पतिवाट भराइ पाउँ भनी वादीको निवेदन परी काम कार्वाही भई प्रतिवादीको नाउको उक्त सम्पति मिति २०८१।०५।२८ गते दिनको १० बजे देखि पहिलो पटक डाँक लिलाम हुने भएकोले डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको निमित यो सूचना प्रकाशित गरिएको बेहोरा सूचित गरिन्छ।

तपसिल

१.यस अदालतको तहसिल शाखामा मिति २०८१।०५।२८ गते दिनको १०.०० बजेदेखि ३.०० बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिन्छ।

२.डाँक लिलाम तोकिएको दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट डाँक लिलाम हुनेछ।

३.कायम भएको न्यूनतम पञ्चेकृते मूल्यवाट डाँक बढाबढ गर्नु पर्नेछ।

४. डाँक लिलाम बखत बोलकबोल गरेको अंकको १० प्रतिशत हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्नेछ।बाकी बोल कबोल रकम डाँक लिलाम भएका मितिवाट ७ दिन भित्र दाखिला गर्नुपर्नेछ।त्यसरी ७ दिन भित्र बाकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम् जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरीनेछ।

५.डाँक लिलाम बढाबढ हुदा सबै भन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराईन्छ।

६.डाँक लिलाम सम्वन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नुहोला।

७. डाँक लिलाम हुने जेथाको विवरण

| सि.न | जिल्ला | गा.वि.स. | वडा | कि.न. | क्षे.फ.व.मी | दर्तावाला | लिलाम हुने मुल्य रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | रुकुम | विजयश्वरी | ३ | १३७३ | ००२०५ | दौलत बहादुर विष्ट | २,६०,२४७।- | |
| २ | ,, | ,, | ,, | १४२५ | ००४७५ब.मी. मध्ये ००१८५ ब.मी. पश्चिम तर्फ | ,, | १,९४,९३५।- | |
| | | | | | | जम्मा | ४,५५,१८२।– | |

ईतिसंवत २०८१ साल साउन महिनाको ३१ गते रोज ५ मा शुभम् ................................।